# कानेपोखरी गाउँपालिका
# Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ / Bayarban, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


**विषय: वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (रेमी) परियोजनाका लागि रोजगार परामर्शकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

(दोस्रो पटक प्रकाशित मिति: २०८०/०३/१२)

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता बमोजिम यस गाउँपालिकामा सञ्चालनको क्रममा रहेको छ। यस गाउँपालिकामा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुन: एकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नका लागि रोजगार परामर्शकर्ता आवश्कता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लिखित पदका लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तोकिए बमोजिमका कागजात सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:-

| क्र.सं | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | ११/२०७९/०८० | रोजगार परामर्शकर्ता | छैठौं | १ जना | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पूरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तीमा १ वर्ष कार्य गरेको।<br>• वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ। |

(१) **कार्य अवधि:-** परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार करारको म्याद थप गर्न सकिनेछ।

(२) **परीक्षाको किसिम:-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता। (छनोट परीक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुन:एकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन साथै परीक्षाको पाठ्यक्रम गाउँपालिकाको वेभसाइटमा उपलब्ध छ।)

(३) **आवश्यक कागजातहरु र दरखास्त दिने स्थान:-** माथि उल्लिखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो एक प्रति, उद्यम विकास सहजकर्ता लेभल २ उत्तीर्ण गरेको प्रमाण, सहित कानेपोखरी गाउँपालिकाको सामान्य प्रशासन शाखामा कार्यालय समयभित्रमा पेश गर्नुपर्नेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनोट प्रक्रियामा समावेश गरिनेछैन।

(४) **छनोट प्रक्रिया:-** प्रारम्भिक छनोटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षामा समावेश गरिनेछ। अवसरबाट वञ्चितीकरणमा परेका समुदायहरु खासगरी महिला, दलित, जनजाती, मधेसी तथा अल्पसंख्यक वर्गका उम्मेद्वारहरुको समावेशीकरणका लागि सकरात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

विष्णु कुमार श्रेष्ठ थुवा
प्रमुख प्रशासकीय अधिकृत

(५) दरखास्त दिने अन्तिम मिति:- २०८० साल असार १८ गते सम्ममा कार्यालय समयभित्र बुझाउन सकिनेछ। आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(६) तलव तथा अन्य सुविधा:- परियोजनाको नियम अनुसार हुनेछ।

(७) उमेर:- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएकाको हकमा ४० वर्ष ननाघेको।

(८) परीक्षा दस्तुर:- रु. १,०००

(९) थप जानकारी: आवेदन फाराम गाउँपालिकाको बेभसाइट www.kanepokharimun.gov.np मा उपलब्ध छ। आवेदन फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट परीक्षा सम्बन्धी कार्यतालिका प्रकाशन गरिनेछ। यस विषयमा थप कुनै जानकारी आवश्यक भएमा यस कार्यालयका सूचना अधिकारी श्री गोविन्द प्रसाद फुयल (सम्पर्क नं. ९८५२०८१०३३) सँग बुझ्न सकिनेछ।

२०८०/०३/१२

(विष्णु कुमार थेगुवा)
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमार थेगुवा
प्रमुख प्रशासकीय अधिकृत